आज मिति २०८०।१०।२८ गते यस कपुरकोट गाउँ कार्यपालिकाको १०७ औं बैठक गाउँपालिकाका अध्यक्ष श्री दुर्गा बहादुर पुनज्यूको अध्यक्षतामा पालिकाको बैठक कक्षमा बसी तपसिल बमोजिमको उपस्थितिमा तपसिल प्रस्तावहरु माथि छलफल गरि निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.स. | पदाधिकारीको नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री दुर्गा बहादुर पुन | अध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | सदस्य | |
| ३ | श्री बालाराम खड्का | सदस्य | |
| ४ | श्री ईश्वर बुढा | सदस्य | |
| ५ | श्री प्रदिप खड्का | सदस्य | |
| ६ | श्री मित्रलाल कठायत | सदस्य | |
| ७ | श्री होम बहादुर खड्का | सदस्य | |
| ८ | श्री श्यामकृष्ण बोहरा | सदस्य | |
| ९ | श्री राधिका यरी | सदस्य | |
| १० | श्री अनिता पुन | सदस्य | |
| ११ | श्री तिला बुढाथोकी रोका | सदस्य | |
| १२ | श्री विमल कामी | सदस्य | |
| १३ | श्री रेवती सुनार | सदस्य | रेवती |
| १४ | श्री तिला कुमारी कामी | सदस्य | तिला |
| १५ | श्री भरत कुमार वली | सचिव | |

आमन्त्रित:

श्री खगेन्द्र बहादुर शाही - प्रशासन अधिकृत

श्री विष्णु प्रसाद आचार्य - लेखापाल

श्री केदार सिंह खड्का - का.प्र.

कपुरकोट गाउँपालिकाको मिति २०८०।१०।२८ गतेको १०७ औं गाउँ कार्यपालिका बैठकका कार्यसुचिहरु:

१. बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रदेश सरकारसंग विशेष अनुदान माग गर्ने सम्बन्धमा ।

२. वडा नं ३ को वडाकार्यालय भवनका लागि वनसंग जग्गा माग सम्बन्धमा ।

३. जिल्लास्तरिय रनिङ्ग शिल्डमा स्वर्ण पदक विजेतालाई नगद प्रोत्साहन र जिल्ला खेलकुद विकास समितिलाई दिएको सहयोग अनुमोदन सम्बन्धमा ।

४. वडा स्तरिय र पालिकास्तरिय योजना संशोधन सम्बन्धमा ।

५. विद्यालय एकिकरण, शिक्षक दरवन्दी मिलान र प्र.अ. व्यवस्थापन सम्वन्धी कार्यदल गठन सम्बन्धमा ।

७. विविध ।

२०८०।१०।२८

प्रमुख प्रशासकीय अधिकृत

## कपुरकोट गाउँपालिकाको मिति २०८०।१०।२८ गतेको १०७ औं गाउँ कार्यपालिका बैठकका निर्णयहरु:

१. कपुरकोट गाउँपालिकालाई पूर्ण सरसफाई युक्त पोषण मैत्री गाउँपालिका बनाउनका लागि बहुक्षेत्रिय पोषण कार्यक्रमका माध्यमबाट प्रभावकारी रुपमा संचालन गर्न कर्णाली प्रदेश सरकारसंग विशेष अनुदान माग गर्ने ।

२. कपुरकोट गाउँपालिकाको वडा नं. ३ को भवन निर्माणका लागि कतैबाट पनि जग्गा प्राप्त हुन नसकेको हुँदा भवन निर्माण गर्ने प्रयोजनका लागि काफनेटी सामुदायिक वन उपभोक्ता समिति हुँदै ३ नं. वडा कार्यालयबाट भोगाधिकार प्राप्तीका लागि सिफारीस भई आएकोले उक्त जग्गा भोगाधिकार प्रकृयालाई अगाडी बढाउन डिभीजन वन कार्यालय सल्यानलाई अनुरोध गर्ने ।

३. सडक बोर्ड नेपालबाट साझेदारीमा सडक मर्मत संभारको काम गर्ने गरि रु.२१ लाख रकम विनीयोजन भएकोमा सडक बोर्ड नेपालको कार्यविधीले तोके बमोजिमको रकम साझेदारी गर्ने गरि **जामुने टुनिबोट सडक खण्ड र टुनीबोट गाडापानी सडक खण्डमा** सडक मर्मत सम्भारको काम गर्ने ।

४. सल्यान जिल्ला स्तरिय १४ औं राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा कपुरकोट गाउँपालिकालाई स्वर्ण पदक दिलाउने खेलाडीलाई प्रति पदक रु ३ हजारका दरले पुरस्कार सहित सम्मान पत्र दिने र जिल्ला खेलकुद विकास समितिलाई जिल्लाको निर्णय अनुसार ६५ हजार रुपैया प्रदान गर्ने ।

५. सामुदायिक विद्यालयको शैक्षिक सुधारका लागि विद्यालय एकिकरण, शिक्षक दरवन्दी मिलान र प्र.अ. व्यवस्थापन सम्वन्धी अध्ययन गरी एक महिना भित्र प्रतिवेदन वुझाउनका लागि वडा अध्यक्षको संयोजकत्वमा निम्नानुसारको ९ सदस्यीय अध्ययन कार्यदल गठन गर्ने र कार्यदलले बैठक भत्ता (प्रति बैठक रु १५००), खाजा खर्च र यातायात सुविधा उपलब्ध गराउने । साथै आवश्यकता परेमा उक्त समितिमा विज्ञ आमन्त्रण गर्न सकिने र कार्यदल प्रतिवेदन तयारी बापत बढीमा रु ३०००० सम्म उपलब्ध गराउन सक्ने ।

| | |
|---|---|
| श्याम कृष्ण बोहरा | संयोजक (वडा अध्यक्षबाट) |
| दामोदर शर्मा | सदस्य (प्र.अ.बाट) |
| शिक्षक महासंघ प्रतिनिधी | सदस्य |
| ने शि संघ प्रतिनिधी | सदस्य |
| अखिल नेपाल शिक्षक सगठन प्रतिनिधी | सदस्य |
| ने रा शि सगठन क्रान्तीकारी प्रतिनिधी | सदस्य |
| प्र. ने रा शि सगठन प्रतिनिधी | सदस्य |
| दिपक पुन | सदस्य (जनप्रतिनिधीबाट) |
| सरस्वती भण्डारी | सदस्य सचिव (शिक्षा अधिकृत) |

६. सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत छनौट भएका घरधुरीले तोकिएको समयावधी भित्र सम्झौता नगरी रिक्त रहन गएको उक्त स्थानमा प्राथमिकता क्रममा परेको घरधुरीलाई छनौट गरि सम्झौता गर्ने ।

प्रतिलिपि प्रमाणित

CamScanner